कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/०७/१७
प्रमाणीकरण मिति: २०८२/०७/३०

# चाँगुनारायण नगरपालिकाको
# स्थानीय पथप्रदर्शक परिचालन कार्यविधि,२०८२

**प्रस्तावना** : प्रकृति, संस्कृति र ईतिहासको संगम स्थलको रुपमा परिचित चाँगुनारायण नगरपालिका क्षेत्रभित्र अध्ययन अनुसन्धान, मनोरञ्जन, धार्मिक एवं सांस्कृतिक कार्यको लागि भ्रमण गर्ने राष्ट्रिय तथा अन्तराष्टिय पर्यटकहरुलाई स्थानीय गन्तव्य स्थलहरुको बारेमा जानकारी सहित पर्यटकहरुको भ्रमण कार्यमा सहयोग पुऱ्याउने अभिप्रायले चाँगुनारायण नगरपालिकाबाट स्थानीय पथ प्रदर्शक तालिम प्राप्त गरेका स्थानीय पथ प्रदर्शकहरुको नियमन एवं सेवा प्रवाहलाई गुणस्तरीय, प्रभावकारी र सेवाग्राहीमैत्री बनाउन वान्छनीय भएकोले नेपालको संविधानको धारा २२६(१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) तथा चाँगुनारायण नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०८० को दफा (४) बमोजिम चाँगुनारायण नगरपालिका, नगर कार्यपालिकाको ६८ औं बैठकबाट यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम **"स्थानीय पथप्रदर्शक परिचालन कार्यविधि, २०८२"** रहेको छ।

२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई प्रमाणिकरण भएपश्चात लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"कार्यविधि"** भन्नाले स्थानीय पथप्रदर्शक परिचालन कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

ख) **"नगरपालिका"** भन्नाले चाँगुनारायण नगरपालिका सम्झनु पर्दछ।

ग) **"कार्यालय"** भन्नाले चाँगुनारायण नगरपालिकाको कार्यालय सम्झनु पर्दछ।

घ) **"कार्यपालिका"** भन्नाले चाँगुनारायण नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

ङ) **"नगरसभा"** भन्नाले चाँगुनारायण नगरपालिकाको नगरसभा सम्झनु पर्दछ।

च) **"नगरप्रमुख"** भन्नाले चाँगुनारायण नगरपालिकाको प्रमुख सम्झनु पर्दछ।

छ) **"नगर उपप्रमुख"** भन्नाले चाँगुनारायण नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

ज) **"स्थानीय पथप्रदर्शक"** भन्नाले चाँगुनारायण नगरपालिका कार्यलयबाट न्यूनतम १० दिन वा ७२ घण्टाको स्थानीय पथप्रदर्शक सम्वन्धी तालिम प्राप्त ब्यक्ति सम्झनु पर्दछ ।

३) स्थानीय पर्यटक पथ प्रदर्शकको रूपमा काम गर्न इच्छुक १८ वर्ष पुरा भई ६० वर्ष ननाघेको नेपाली नागरिक हुनु पर्ने छ।

४) दफा (२) बमोजिम पेश भएका दरखास्त उपर छानविन गरी अन्तरवार्ताको माध्यमद्वारा छनौट गरी अनुसूचीमा आर्थिक ऐनद्वारा तोकिए बमोजिमको अनुमति शुल्क लिइ पर्यटक पथ प्रदर्शकको कार्य गर्न अनुमति दिइनेछ। आर्थिक ऐनमा समावेश नहुँदा सम्म रु. १,५००/- (अक्षेरुपी एक हजार पाँच सय) लिई अनुमति दिईने छ। नवीकरण शुल्कको हकमा आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

५) नगरपालिकाद्वारा अनुमति प्राप्त स्थानीय पर्यटक पथ प्रदर्शकहरूको अभिलेख अद्यावधिक गरी राखिनेछ।

६) नगरपालिकाबाट प्राप्त स्थानीय पर्यटक पथ प्रदर्शकको अनुमति दुइ आर्थिक वर्षको लागि हुनेछ। प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिन भित्र नगरपालिकाबाट तोकिएको शुल्क तिरी अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ। तर तोकिएको मितिमा नवीकरण नगराएमा दश प्रतिशत विलम्ब शुल्क तिरी नवीकरण गर्न बाधा पर्ने छैन।

५. **स्थानीय पथ प्रदर्शक परिचालन :** (१) चाँगुनारायण नगरपालिका क्षेत्र भित्र विभिन्न उद्देश्यले घुम्न आउने पर्यटकहरुको सहजताका लागि स्थानीय स्तरमा रही आवश्यक सहयोग पुऱ्याउन स्थानीय पथप्रदर्शक सम्वन्धी तालिम प्राप्त गरेका ब्यक्तिहरुलाई नगरपालिकाले पथ प्रदर्शकको रुपमा कार्य गर्न अनुमति दिई परिचालन गर्न सक्नेछ ।

६. **पर्यटक पथ प्रदर्शकको योग्यता:** (१) स्थानीय पर्यटक पथ प्रदर्शकको योग्यता देहाय हुनेछः

क) चाँगुनारायण नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने नेपाली नागरिक,

ख) नगरपालिका स्थित प्राकृतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथापुरातात्विक महत्वका प्रमुख पर्यटकीय स्थलहरू तथा नगरपालिकाको परम्परागत कलाकौशल, धर्म, परम्परा तथा संस्कृति बारेमा ज्ञान तथा जानकारी भएको,

ग) कम्तिमा प्रमाण पत्र तह (१०+२) वा सो सरह उत्तिर्ण भएको हुनु पर्नेछ। प्रमाण पत्र तह (१०+२) को योग्यता नभएको हकमा कम्तिमा ५ वर्ष देखि लगातार स्थानीय पर्यटक पथ प्रदर्शन सम्बन्धी कार्यमा संलग्न भई नगरपालिकाबाट आयोजित कम्तिमा ३ (तीन) सम्मको रिफ्रेसर तालिम लिएको,

घ) नेपाली, अंग्रेजी तथा हिन्दी भाषाको ज्ञान भएको, (चाइनिज लगायत अन्य भाषाको ज्ञान तथा वोल्न सक्नेलाई ग्राह्यता दिइने),

ङ) स्थानीय पर्यटक पथ प्रदर्शक सम्बन्धी विषयमा कम्तिमा पन्ध्र दिनको तालिम प्राप्त गरेको,

च) प्रचलित कानूनले अयोग्य नठहरिएको।

झ) **"समिति"** भन्नाले यस नियामावलीको दफा १० बमोजिंम गठित स्थानीय पथ प्रदर्शक परिचालन समिति सम्झनु पर्छ।

ञ) **"प्रशासकीय अधिकृत"** भन्नाले चाँगुनारायण नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ट) **"वडा अध्यक्ष"** भन्नाले चाँगुनारायण नगरपालिकाको वडा अध्यक्ष सम्झनुपर्छ ।

ठ) **"शाखा प्रमुख"** भन्नाले चाँगुनारायण नगरपालिकांको कार्यालयको पर्यटन शाखा प्रमुखको रुपमा काम गर्ने गरी तोकिएको कर्मचारी सम्झनु पर्दछ।

ड) **"ड्रेस कोड"** भन्नाले दफा ८ बमोजिम स्थानीय पथ प्रदर्शकहरुको लागि नगरपालिकाले तोकेको ड्रेस कोड सम्झनु पर्दछ ।

ढ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

३. उद्देश्य:

क) चाँगुनारायण नगरपालिका स्थित महत्वपूर्ण प्राकृतिक, ऐतिहासिक. धार्मिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदा तथा परम्परागत कलाकौशल, चाडपर्व र संस्कृति बारेमा जानकारी गराउने,

ख) चाँगुनारायण नगरपालिकाका प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदा तथा परम्परागत कला, चाडपर्व, मेला तथा संस्कृतिको अवलोकन, अध्ययन तथा मनोरञ्जन गर्न आउने स्वदेशी तथा विदेशी पर्यटकहरूलाई सहयोग सहजिकरण तथा समन्वय गर्ने,

ग) पर्यटन सूचना प्रवाहलाई व्यवस्थित गर्ने,

घ) स्थानीय पर्यटन पथ प्रदर्शनलाई मर्यादित, व्यवस्थित र पारदर्शी बनाउने,

ङ) स्थानीय पर्यटक पथ प्रदर्शकको नाममा पर्यटक उपर हुन सक्ने दुर्व्यवहार ठगी तथा शोषण नियन्त्रण गर्ने,

च) स्थानीय पर्यटक पथ प्रदर्शन मार्फत नगरपालिका क्षेत्रभित्र पर्यटन प्रवर्धनमा योगदान अभिवृद्धि गर्ने।

## परिच्छेद - २

## स्थानीय पथ प्रदर्शक सम्वन्धी व्यवस्था

४. **स्थानीय पर्यटक पथ प्रदर्शकको आवेदन/दरखास्त, छनौट, अनुमति र नवीकरण**: (१) यस कार्यविधि बमोजिम नगरपालिकाले स्थानीय पथ प्रदर्शकको अनुमति लिन चाहने व्यक्तिलाई अनुमति प्रदान गर्न सक्नेछ।

२) दफा (१) अनुमति लिन चाहने व्यक्तिले तोकिएको विवरण र कागजात सहित चाँगुनारायण नगरपालिका समक्ष दरखास्त दिनु पर्नेछ।

 जीवन खत्री

७. स्थानीय पथ प्रदर्शकको पारिश्रमिक :

१) स्थानीय पथ प्रदर्शकको पारिश्रमिक सम्वन्धित पर्यटक र स्थानीय पथ प्रदर्शकको आपसी समझदारीमा निर्धारण हुने ।तर नगरपालिका क्षेत्रभित्र अधिकतम प्रतिघण्टा रु. १०००/- वा एकै पर्यटक/पर्यटक समूहलाई सहजिकरण गरे वापत प्रतिदिन अधिकतम र रु. ३०००/- भन्दा वढी हुने छैन।

२) स्थानीय पथ प्रदर्शकले पारिश्रमिक बापत प्राप्त गरेको रकमको ५ प्रतिशत रकम नगरपालिकाको आन्तरिक राजश्व खातामा दाखिला गर्नु पर्नेछ।

८. स्थानीय पथप्रदर्शकको दर्ता :

१) नगरपालिकाको कार्यालयले अनुसूचि १ बमोजिमको ढाँचामा स्थानीय पथ प्रदर्शकहरुको अभिलेख राखी पथ प्रदर्शकहरुको दर्ता गर्नेछ ।

२) स्थानीय पथ प्रदर्शक दर्ता, नविकरण, शुल्क वा जरिवाना नगरसभाले निर्धारण गरे बमोजिम हुनेछ।

३) स्थानीय पथ प्रदर्शकले १ बर्ष सम्म पनि नविकरण नगरेमा त्यस्तो पथ प्रदर्शकको परिचयपत्र स्वतः खारेज हुनेछ ।तर पुनः परिचयपत्र प्राप्त गर्न चाहेमा आवश्यक प्रकृया पुरा गरी नगरपालिकाले नियमानुसार उपलब्ध गराउन सक्नेछ ।

९. दर्ता गर्ने अधिकारी : स्थानीय पथ प्रदर्शकको दर्ता, नविकरण एवं नियमन सम्वन्धी कार्य प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको सम्वन्धित शाखा प्रमुखले गर्नछ।

१०. स्थानीय पथप्रदर्शक परिचयपत्र :

१) नगरपालिकाले स्थानीय पथ प्रदर्शकको लागि दफा ४ मा तोकिए बमोजिम योग्यता पुगेका ब्यक्तिहरुलाई अनुसूचि -२ बमोजिमको ढाँचामा परिचयपत्र उपलब्ध गराउनेछ।

२) नगरपालिकाबाट जारी भएको स्थानीय पथ प्रदर्शकको परिचयपत्र म्याद समाप्त भएको मितिले १ महिना भित्र नविकरण गरिसक्नुपर्नेछ । उल्लेखित मिति भित्र नविकरण गर्न नआएमा नियमानुसार विलम्व शुल्क लाग्नेछ।

११. स्थानीय पथप्रदर्शकहरुको ड्रेस कोड :

१) नगरपालिकाले स्थानीय पथप्रदर्शकहरुको लागि अनुसूचि ३ अनुसारको ड्रेस कोड निर्धारण गर्नेछ।

जीवन खत्री
नगर प्रमुख

चाँगुनारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुवाकोट, भक्तपुर
बागमती प्रदेश, नेपाल

## परिच्छेद - ३

## स्थानीय पथप्रदर्शकको आचारसंहिता

१२. **स्थानीय पथ प्रदर्शकहरुको आचारसंहिता :** (१) स्थानीय पथप्रदर्शकहरुले अनुसूचि ४ अनुसारको आचारसंहिता अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

२) नगरपालिकाले परिचयपत्र प्रदान गर्नुपूर्व स्थानीय पथ प्रदर्शकलाई आचार संहितामा हस्ताक्षर गराउनु पर्नेछ ।

३) पथप्रदर्शकबाट आचारसंहिताको पालना नभएको पाईएमा कसुरको मात्रा हेरी नगरपालिकाले चेतावनी दिने वा परिचयपत्र नविकरण नगर्ने वा परिचयपत्र रद्ध गर्ने जस्ता कार्वाही गरी अन्य कसुरजन्य कार्य समेत गरेको पाईएमा कारवाहीको लागि सम्वन्धित नियकायमा सिफारिस गर्नसक्नेछ ।

## परिच्छेद - ४

## स्थानीय पथप्रदर्शक परिचालन समिति

१३. **स्थानीय पथप्रदर्शक परिचालन समिति :**

१) स्थानीय पथ प्रदर्शकको परिचालन, अनुगमन, क्षमता विकास, परिचयपत्र ब्यवस्थापन लगायतका विषयमा नगरपालिकालाई नीतिगत सहयोग गर्न देहाय अनुसारको स्थानीय पथप्रदर्शक परिचालन समिति रहनेछ ।

| | |
|---|---|
| क) उपप्रमुख | -संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिध | -सदस्य |
| घ) नगर पर्यटन विकास समितिको प्रतिनिधि १ जना | -सदस्य |
| ङ) पर्यटक प्रहरी १ जना | -सदस्य |
| च) पर्यटन ब्यवसायी मध्येबाट समितिले मनोनयन गरेको १ जना | -सदस्य |
| छ) नगरपालिकाको पर्यटन शाखा प्रमुख | -सदस्य सचिव |

१४. **स्थानीय पथ प्रदर्शक परिचालन समितिका काम, कर्तब्य र अधिकारहरु :**

क) स्थानीय पथ प्रदर्शक परिचालन सम्वन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि नगरसभामा पेश गर्ने,

ख) पथ प्रदर्शक परिचालन कार्यसँग सम्वन्धित अन्य निकाय तथा संघसंस्थाहरुसँग समन्वय गर्ने,

ग) स्थानीय पथ प्रदर्शकहरु परिचालनमा आवश्यक सहजिकरण गर्ने,

घ) स्थानीय पथ प्रदर्शकका कार्यहरुको अनुगमन गरी आचार संहिता विपरित कार्य गरेको पाइएमा कार्वाहीको लागि सिफारिस गर्ने,

ङ) स्थानीय पथप्रदर्शकको क्षमता विकासका कार्यहरुको लागि नगरपालिकाको कार्यालयमा सिफारिस गर्ने,

च) स्थानीय पथ प्रदर्शकहरुको परिचयपत्र ब्यवस्थापनका कार्यमा आवश्यक सहजिकरण गर्ने,

छ) नगरसभा/नगर कार्यपालिकाले तोके बमोजिम अन्य कार्यहरु गर्ने।

१५. समितिको बैठकः

१) समितिको बैठक आवश्यकता अनुसार वस्नेछ।

२) नगरपालिकाले बैठकमा उपस्थित भए बापत समितिका पदाधिकारी र आमन्त्रितहरुलाई नियमानुंसार बैठक भत्ता उपलब्ध गराउनेछ।

३) समितिले आवश्यक ठानेमा बैठकमा सम्वन्धित क्षेत्रका अन्य ब्यक्तिहरुलाई समेत आमन्त्रण गर्न सक्नेछ।

## परिच्छेद - ५
## स्थानीय पथ प्रदर्शकहरुको अनुगमन

१६. स्थानीय पथ प्रदर्शकको अनुगमनः

१) स्थानीय पथ प्रदर्शकहरुको कामको अनुगमन स्थानीय पथ प्रदर्शक परिचालन समिति, जिल्ला प्रशासन कार्यालय, नगर पर्यटन विकास समिति, नगरपालिकाको कार्यालय, पर्यटक प्रहरीले गर्न सक्नेछ।

१७. अनुगमन प्रतिवेदनः

१) कार्यालयले स्थानीय पथप्रदर्शकको अनुगमन पश्चात प्राप्त प्रतिवेदन स्थानीय पथ प्रदर्शक परिचालन समितिमा छलफलको लागि पेश गर्नुपर्नेछ।

१८. सुझाव दिन सक्नेः

१) स्थानीय पथ प्रदर्शक समितिले प्राप्त प्रतिवेदन आधारमा नगरपालिकाकालाई आवश्यक सुझाव दिन सक्नेछ।

## परिच्छेद - ६
## विविध

१९. दण्ड तथा पुरस्कार :

१) उत्कृष्ट सेवा गर्ने स्थानीय पथ प्रदर्शकलाई नगरपालिकाले पुरस्कार वा अन्य प्रकारको प्रोत्साहन गर्न सक्नेछ।

२) स्वीकृत कार्यविधिको उलंघन गरेमा वा स्थानीय पथ प्रदर्शकले दफा १० बमोजिम तोकिएको आचार संहिताको उलंघन गरेमा नगरपालिकाको कार्यालयले चेतावनी दिने वा परिचयपत्र नविकरण नगर्ने वा रद्ध गर्ने वा समितिको सिफारिसमा प्रचलित कानून बमोजिम कार्वाहीको लागि सम्वन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

२०. **उजुरी दिन सक्ने**: नगरपालिकाबाट स्वीकृत प्राप्त स्थानीय पथ प्रदर्शकले आचार संहिता विपरित कार्य गरेको पाएमा जो कोहिले पनि नगरपालिकाको कार्यालयमा उजुरी दिन सक्नेछ।

२१. **सम्पर्क शाखा**: यस कार्यविधिमा उल्लेखित कार्यगर्न नगरपालिकाको सम्पदा संरक्षण संसकृति तथा पर्यटन हेर्ने शाखा/उपशाखा सम्पर्क शाखाको रुपमा रहनेछ।

२२. **बाधा अड्काउ फुकाउने**: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ वा दुविधा उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णयबाट बाधा अड्काउ फुकाउन सकिनेछ।

जीवन खत्री
नगर प्रमुख

अनुसूची -१

दफा ८ सँग सम्बन्धित

## स्थानीय पथ प्रदर्शकहरुको अभिलेख फारम

चाँगुनारायण नगरपालिका

चाँगुनारायण स्थानीय पथ प्रदर्शक परिचालन समिति

**व्यक्तिगत विवरण**

नाम थर (देवनागरीमा) : ..........................................................................................

Name ( In Block Letter) : ..........................................................................................

जन्म मिति : ............................................... वर्ष : ................................ लिङ्ग: पुरुष /महिला

बाबु/ससुराको नाम : ............................................ बाजे/पतिको नाम : ..................................

नागरिकता नं. : ........................ नागरिकता जारी जिल्ला: .................. जारी मिति : .........................

राष्ट्रिय परिचयपत्र नं. : .......................... सम्पर्क नं. : ..................... ईमेल : .........................

**स्थायी ठेगाना :**

प्रदेश : ........................ जिल्ला : ................. न.पा./गा.पा. : ............................ वडा नं. : .....

**अस्थायी ठेगाना :**

प्रदेश : ........................ जिल्ला : ................. न.पा./गा.पा. : ............................ वडा नं. : .....

माथिका विवरणहरु सवै साँचो हुन्, फरक परेमा कानुन बमोजिम सहुँला बुझाउँला।

औठा छाप

| दायाँ | वायाँ |
|---|---|
| | |

हस्ताक्षर :

मिति :

जीवन खत्री
नगर प्रमुख

चाँगुनारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खरिपाटी, भक्तपुर
बागमती प्रदेश, नेपाल

अनुसूची २

दफा ९ सँग सम्बन्धित

## स्थानीय पथ प्रदर्शकहरुको परिचयपत्र

**चाँगुनारायण नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**खरिपाटी, भक्तपुर**

स्थानीय पथ प्रदर्शकको परिचय पत्र

**नामः** ........................................................

**कार्ड नः** .............................

**स्थायी ठेगानाः**....................

**सम्पर्क नः**............................

**भाषाः**....................................

**जारी मितिः**.............................

**म्याद समाप्त हुने मितिः**....................

**CHANGUNARAYAM MUNICIPALITY**

**OFFICE OF MUNICIPAL OFFICE**

**KHARIPATI, BHAKTAPUR**

LOCAL TOUR IDENTITY CARD

**Name :** ......................................................................................

**Card No. :** ..................................................................................

**Permanent Address :** ......................................................................

**Contact No. :** ..............................................................................

**Language :** ...................................................................................

**Date of Issue :** ..............................................................................

**Date of Expiry :** ............................................................................

अनुसूची ३

दफा १० सँग सम्बन्धित

**स्थानीय पथ प्रदर्शकहरुको ड्रेस कोड**

क. पुरुष पथ प्रदर्शकहरुको लागिः

क. सर्ट – आकासे रङ

ख. पाईन्ट- खैरो

ग. जुत्ता- कालो

घ. मोजा- खैरो

ङ. कोट/ज्याकेट/स्वेटर- खैरो

च. टाई- निलो बुट्टे

छ. टोपी- कालो

ख. महिला पथ प्रदर्शकहरुको लागिः

क. कुर्ता- आकासे

ख. सुरुवाल- खैरो

ग. चप्पल/जुत्ता- कालो

घ. ब्लाउज- आकासे

ङ. साडी- खैरो

च. ज्याकेट/कोट/स्वेटर- खैरो

छ. सल- कालो

ग. ब्याचः चाँगुनारायण नगरपालिकाको लोगो

जीवन खत्री
नगर प्रमुख

अनुसूची -४

दफा १२ सँग सम्बन्धित

## स्थानीय पथप्रदर्शकहरुले पालना गर्नुपर्ने आचारसंहिता

क. पथ-प्रदर्शन गर्दा परिचयपत्र, ब्याच र औपचारिक पोषाक अनिवार्य लगाउनु पर्नेछ ।

ख. पथ-प्रदर्शकले अस्वभाविक रुपमा कपाल, दाह्री, मुन्द्री, ब्रासलेट राख्न वा लगाउन पाइने छैन ।

ग. न्यूनतम व्यक्तिगत सरसफाइ अनिवार्य हुनु पर्नेछ ।

घ. मादक पदार्थ र/वा लागु पदार्थ सेवन गरी पथ-प्रदर्शन गर्न पइने छैन।

ङ. पर्यटक एवं अन्य सरोकारवालहरुसंग पथ-प्रदर्शन गर्ने क्रममा सभ्य र शिष्ट व्यवहार गर्नु पर्नेछ

च. प्रदर्शकहरुले प्राप्त गरेको पारिश्रमिकको ५ प्रतिशत मासिक रुपमा नगरपालिकाको राजश्व खातामा जम्मा गर्नु पर्नेछ।

छ. अनुमति प्राप्त ब्यक्ति बाहेक अन्य अनधिकृत ब्यक्तिले पथप्रदर्शन गरेको पाएमा सम्बन्धित निकायमा सूचना दिनुपर्नेछ।

ज. प्रचलित कानुनले बर्जित गरेका कुनै पनि क्रियाकलाप गर्न वा गराउन पाइने छैन ।

झ. स्थानीय पथ-प्रदर्शक परिचालन समितिको नीति, नियम तथा निर्देशन पालना गर्नु पर्नेछ ।

माथि उल्लेखित नियम र आचार संहिता पालना गर्न मेरो पूर्ण मञ्जुरी छ तोकिएको नियम र आचार संहिता विपरित कुनै कार्यमा संलग्न भएमा नियमानुसार सजाय भोग्न मञ्जुर गर्दछु ।

नाम :

परिचय पत्र नं:

हस्ताक्षर:

मिति :

जीवन खत्री

नगर प्रमुख